नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

मिति : ..................

## प्रेस विज्ञप्ति

नेपालको संविधान बमोजिम संघीयता कार्यान्वयन तथा प्रशासन पुन:संरचना सन्दर्भमा भइरहेको कार्य बारेमा सरोकारवालाहरुलाई जानकारी गराई आवश्यक पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आयोजनामा मिति २०७३।०७।०८ गतेका दिन डडेल्धुरामा 'संघीयता कार्यान्वयन तथा प्रशासन पुन:संरचना" बिषयमा प्रदेश नंबर ७ स्तरीय गोष्ठी सम्पन्न भएको छ ।

नेपाल सरकारका मुख्यसचिब डा. सोमलाल सुबेदीको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त गोष्ठीमा प्रदेश नंबर ७ मा पर्ने ९ बटै जिल्लाहरु कैलाली, डोटी, अछाम, बझांग, बाजुरा, कञ्चनपुर, डडेल्धुरा, बैतडी र दार्चुलाका प्रमुख जिल्ला अधिकारीहरु, स्थानीय बिकास अधिकारीहरु, सुरक्षा निकायका क्षेत्रीय प्रमुखहरु सहित क्षेत्रीयस्तरका सबै निकायका प्रमुखहरुको सहभागिता रहेको थियो ।

उक्त गोष्ठीको उद्घाटन गर्दै नेपाल सरकारका मुख्यसचिब डा. सुबेदीले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अगुवाई तथा नेपाल सरकारका ४० जना भन्दा बढी सहसचिबहरुको संलग्नतामा नेपालको संबिधान बमोजिम प्रशासन पुन:संरचनाको खाका तर्जुमा गर्ने कार्य भइरहेको जानकारी गराउनु भयो । संक्रमणकालको यस संवेदनशील अवस्थामा संघीयता कार्यान्वयन तथा प्रशासन पुन:संरचना सम्बन्धमा संबिधान बमोजिम समयसीमा तोकिएका तथा २०७४ साल माघ ७ गते अगावै सम्पन्न गर्नु पर्ने सबै कार्यजिम्मेवारीहरु पुरा गर्न कर्मचारीतन्त्र लगायत सरोकारवालाहरु सबै जिम्मेवार भएर लाग्नु पर्ने बेला भएको भन्दै वहाँले राजनैतिक परिबर्तन अनुरुप सबै राष्ट्रसेबकहरुले आफ्नो परम्परागत सोच, ब्यबहार र कार्यशैलीमा आमूल परिबर्तन र प्राबिधिक तथा व्यवसायिक, क्षमता अभिबृद्धि गरी जिम्मेवारीबोधका साथ बिकास निर्माणका कामहरुलाई द्रुतगतिमा अघि बढाउन तथा जनताको अपेक्षा अनुरुप सुशासन कायम गरी सेबाभावका साथ गुणस्तरीय सेबाप्रबाहमा समर्पित हुन जरुरी रहेको बताउनु भयो।साथै वहाँले सरकारी निकायहरुको प्रभावकारी क्रियाशीलता देखिने

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

गरी सेबाग्राहीको गुनासो सुनुवाई, अनुगमन, योजना तर्जुमा संभाव्य देखिएका तथा सम्पन्न गर्न सकिने योजनाहरुको पहिचान तथा प्राथमिकीकरण तथा कार्यान्वयन, पुँजीगत खर्चमा बृद्धि, बेरुजु फर्छयौट लगायतका कामहरुलाई कार्ययोजना बनाई सम्पन्न गर्न समेत उपस्थित सबै सहभागीहरुलाइ निर्देशन दिनुभयो ।

उक्त गोष्ठीमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सचिब श्री चन्द्रकुमार घिमिरेले संघियता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना सम्बन्धमा नेपालको संबिधानले निर्दिष्ट गरेका प्राबधानहरु, प्राप्त उपलब्धिहरु, बिद्यमान चुनौतीहरु र आगामी कार्यजिम्मेबारी समेतको बिषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र प्रस्तुती पश्चात कार्यपत्रमाथि सहभागीहरुले उठाएका बिभिन्न जिज्ञासाहरुको सचिब घिमिरेले प्रष्टिकरण दिनुभएको थियो । गोष्ठीमा सहभागीहरुबाट संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना सम्बन्धमा तथा सार्बजनिक प्रशासनलाई अझै व्यबसायिक, जनमुखी तथा जबाफदेही बनाउने सन्दर्भमा बिभिन्न सुझाबहरु प्राप्त भएको थियो ।

नेपाल सरकारका मुख्यसचिब डा. सुबेदीले डडेल्धुरा र कैलालीमा छुट्टा छुट्टै आयोजित कार्यालय प्रमुखहरुको बैठकमा सहभागी कार्यालय प्रमुखहरुलाई संघीयता कार्यान्वयन तथा प्रशासन पुनः संरचनाको सन्दर्भ अतिरिक्त जिल्लाको शान्ति सुरक्षा सुशासन सेबा प्रबाह बिकास निर्माण लगायतका बिषयमा निर्देशन दिनु भएको थियो ।

(चिरञ्जिवी पौडेल)
उपसचिव/ सहायक प्रवक्ता

२०७३ कात्तिक ११

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np